# हात्तीपाइले रोग फाइलेरिया परजीवीबाट हुने सरुवा रोग हो । यो लामखुट्टेको टोकाईबाट सर्दछ ।



हात्तीपाइले रोग समयमा उपचार भएमा निको हुने रोग हो । यसको लागि नि:शुल्क औषधि उपलब्ध छ ।






एकै दिनको उपचारले तपाईलाई हात्तीपाइले रोग हुनबाट रक्षा गर्दछ ।

यो रोग तपाई तथा जुनसुकै उमेरको व्यक्तिलाई पनि हुन सक्छ ।

यो रोग लागे पछि खुट्टा सुन्निने, अण्डकोष सुन्निने, (हाइड्रोसिल हुने), महिलाहरुमा यौनाङ्ग सुन्निने, स्तन सुन्निने आदि जस्ता गम्भीर लक्षणहरु देखिन्छन् ।

यो रोग परजीवीबाट संक्रमण भए पनि बाहिर लक्षण नदेखिए सम्म व्यक्ति स्वस्थ नै देखिन सक्छ तर बाहिर लक्षण देखिए पछि सो को कुनै उपचार उपलब्ध छैन ।

यो कार्यक्रम अर्न्तगत खुवाइने औषधि अल्बेन्डाजोल र डी. ई. सी चक्की वर्षौं वर्ष देखि दैनिक प्रयोगमा आईरहेका औषधिहरु हुन् ।

यो औषधिको सेवनबाट कसै कसैलाई ज्वरो आए जस्तो हुने, रिङ्गटा लाग्ने, वाक वाकी लाग्ने, वान्ता हुने आदि खालको सामान्य असर हुन सक्दछ । उल्लेखित लक्षणहरु परिजिवी भएकामा बढी देखिन्छन् । यस्तो असर देखिएमा आफ्नो शरीरमा परजिवी रहेछ, सो को समयमा नै उपचार भएछ, अब मलाई हात्तीपाइले रोग हुँदैन भन्ने बुझ्नु पर्दछ ।



यो औषधिको सेवनबाट पेट, आन्द्रामा भएको गोलो, अंकुशे जुका, चूर्ना आदि समेत निको हुन्छ ।

यहि कार्यक्रम विश्वका अरु ७० भन्दा बढी मुलुकहरुमा संचालन भईरहेको छ ।

यो औषधि दुई वर्ष मुनिका बच्चाहरु, गर्भवती महिला तथा सिकिस्त बिरामीहरु बाहेक अरु सबै व्यक्तिहरुले सेवन गर्नु पर्ने औषधि हो ।






## उमेर अनुसार औषधिको मात्रा

| उमेर समूह वर्ष | (DEC 100mg) सेतो चक्की | (Albendazole 400 mg) ठूलो चक्की |
|---|---|---|
| २ देखि ५ वर्ष | १ चक्की | १ चक्की |
| ६ देखि १४ वर्ष | २ चक्की | १ चक्की |
| १५ वर्ष माथि सबै | ३ चक्की | १ चक्की |



**हात्तीपाइले (फाइलेरिया) रोग तपाईलाई पनि हुन सक्छ । औषधि सेवन गर्नबाट वन्चित नहोऔं । यो रोग हुनबाट बचौं र आउने सन्ततीहरुलाई बचाऔं ।**

नेपाल सरकार USAID FROM THE AMERICAN PEOPLE envision RTI INTERNATIONAL